मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**जनकपुरधाम, धनुषा**

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/०४**

यस कार्यालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रम संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा "पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ र २०८२" र सामुदायिक कृ.ग. कर्ता कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ मा उल्लेखित प्रावधान तथा शर्तहरु बमोजिम कार्यक्रममा सहभागि हुन देहायका कागजातहरु सहित २१ औं दिन (मिति २०८२/१२/२४) सम्म कार्यालय समयभित्र खामबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना बाट जानकारी गराईन्छ। यस सम्बन्धमा थप जानकारीका लागि यस कार्यालयको पशु चिकित्सक डा. रंजीत कुमार अधिकारी (मोवाईल नं.९८५४०५२१२७) र विनोद पाण्डे (मोबाइल नं. ९८५४०२९८३१) लाई सम्पर्क गर्न हुन अनुरोध छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | ईकाई | परिमाण | कुल अनुदान रकम | प्रति लाभग्राही अधिकत्तम अनुदान रकम | लागत साझेदारी | साझेदार अनुदानग्राही | पेश गर्नुपर्ने आवश्यक थप कागजातहरु |
|---|---|---|---|---|---|---|---|---|
| १. | पोखरी भित्रको रेसवे प्रणालीमा मत्स्य पालन (IPRS) कार्यक्रम | पटक | १ | रु.३० लाख | ३० लाख | ५०% | व्यवसाय मत्स्य पालक कृषक/फार्म | अनुसुची-३ अनुसारको प्रस्ताव/आवेदन र अनुसूची-४ अनुसारको संक्षिप्त कार्ययोजना |
| २. | हरुवाचरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि १००% अनुदानमा पशुपन्छी पालन कार्यक्रम | संख्या | ५ | रु.२० लाख | रु.४ लाख | १००% | हरुवाचरुवा लगायत लक्षित वर्गको समूह | १. सम्वन्धित स्थानिय तहबाट हरुवाचरुवा, दलित लगायत वर्ग पहिचान हुने सिफारिस पत्र<br>२. फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन/कार्ययोजना |

**देहायः**

क्र.सं. १ र २ मा उल्लेख गरीएको हकमा

१) आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

२) कृषक/ समुह/सहकारी/व्यवसायिक फार्मको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि,

३) स्थायी लेखा नम्बर (PAN) प्रमाण-पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, तालिम, शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपिहरु,

४) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको),

५) कृषक समुह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता (बैठक) निर्णयको प्रतिलिपि,

६) अन्य आवश्यक कागजातहरु (केही भए) :-

**सामुदायिक कृ.ग. कर्तालाई तालिम तथा लजिष्टिक सपोर्ट र थुनेलो रोग नियन्त्रणका लगि CMT र teat dipping कार्यक्रमको लागि**

| | कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| ३ | सामुदायिक कृ.ग. कर्तालाई तालिम तथा लजिष्टिक सपोर्ट | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, मान्यता प्राप्त निकायबाट कृ.ग.सम्बन्धी तालिम प्राप्त गरेको, कृ.ग. कार्यमा संलग्न रहेको स्वघोषणा पत्र सहितको निवेदन पत्र। |
| ४ | थुनेलो रोग नियन्त्रणका लगि CMT र teat dipping कार्यक्रम | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र गाई/ भैसीको संख्या उल्लेख भएको निवेदन पत्र |

**पुनश्चः** प्रस्ताव/आवेदनको ढाँचा कार्यालयको वेबसाईटः vhlsecdhanusha.madhesh.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सक्नेछ।